# नेपाल दूरसञ्चार कम्पनी लिमिटेड

**केन्द्रीय कार्यालय, भद्रकालीप्लाजा**

## नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको नवौं वार्षिक साधारण सभाको सूचना

**(पहिलो पटक प्रकाशित मिति २०७३।११।०८)**

यस कम्पनीको मिति २०७३/११/०४ मा बसेको सञ्चालक समितिको ७०७ औं बैठकको निर्णय अनुसार कम्पनीको नवौं वार्षिक साधारण सभा देहायको विषयहरूमा छलफल तथा निर्णय गर्न निम्न मिति, समय तथा स्थानमा बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरूको उपस्थितिका लागि अनुरोध गर्दछु :-

**सभा हुने मिति, समय र स्थान :**

मिति : २०७३ साल फागुण महिना ३० गते सोमवार (तदनुसार १३ ,मार्च २०१७)

सभा सुरु हुने समय : विहान ११:०० बजे

स्थान : त्रिभुवन आर्मी अफिसर्स क्लव, टुंडिखेल, काठमाडौं ।

**छलफलका विषयहरू:**

१. आर्थिक वर्ष २०७२/७३ को लागि अध्यक्ष एवं सञ्चालक समितिको प्रतिवेदन छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०७३ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त हुने आर्थिक वर्ष २०७२/७३ को नाफा नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरणलाई छलफल गरी पारित गर्ने ।

३. लेखापरीक्षण ऐन, २०४८ को दफा ७ बमोजिम श्री महालेखा परीक्षकको कार्यालयको परामर्श तथा कम्पनी ऐन, २०६३ को दफा १६५(घ) को प्रावधान अनुरुप लेखापरीक्षण समितिको सिफारिस बमोजिम आ. व. २०७३/७४ को लागि कम्पनीको लेखा परीक्षण गर्न चार्टड एकाउण्टेण्ट श्री सुबोध कुमार कर्णलाई लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने प्रस्ताव पारित गर्ने ।

४. आ. व. २०७२/७३ को मुनाफा रकममध्येबाट कम्पनी ऐन, २०६३ को दफा १८२ को उपदफा (२) बमोजिम नेपाल सरकारबाट स्वीकृत चुक्ता पुंजीको ५१ (एकाउन्न) प्रतिशतका दरले नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गर्ने ।

५. विविध

सञ्चालक समितिको आज्ञाले

कम्पनी सचिव

कम्पनी सचिव

**कम्पनीको वार्षिक साधारण सभा सम्बन्धी अन्य जानकारी**

१. वार्षिक साधारण सभालाई ध्यानमा राखी मिति २०७३ साल फागुण १५ गते देखि मिति २०७३ साल फागुण ३० गते सम्म कम्पनीको शेयर दाखिल खारेजको काम बन्द रहने छ । मिति २०७३ फागुण १२ गते सम्म नेपाल धितोपत्र विनिमय बजार लि. मा कारोबार भई मिति २०७३ फागुण २२ गते सम्ममा कम्पनीको शेयर रजिष्ट्रारको कार्यालय, भद्रकालीप्लाजा काठमाण्डौंमा प्राप्त शेयरहरू नामसारीको लिखतको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरूले सो सभामा भाग लिन पाउनेछन् ।

२. वार्षिक साधारण सभामा भाग लिन इच्छुक शेयरधनीले आफ्नो परिचय खुल्ने प्रमाण (कागजात) र शेयर प्रमाणपत्र वा सो को प्रतिलिपी अनिवार्य रुपमा लिई आउनु हुन अनुरोध छ । शेयरधनी महानुभावहरूको सुविधाको लागि सभा हुने दिन शेयरधनी उपस्थिती पुस्तिका बिहान १०:०० बजेदेखि सभा चालु रहेसम्म खुल्ला रहने छन् ।

३. साधारण सभामा भाग लिन सम्बन्धित शेयरधनी आफै उपस्थित हुन नसक्ने भए प्रोक्सी (प्रतिनिधि) नियुक्त गर्न सक्नुहुनेछ र सो सम्बन्धी प्रोक्सी फाराम साधारण सभा सुरु हुने दिन भन्दा ५ दिन अगावै कम्पनीको रजिष्ट्रर्ड कार्यालयमा बुझाई सक्नुपर्नेछ ।

४. शेयरधनी महानुभावहरूको ठेगानामा पठाइने कम्पनीको नवौं वार्षिक साधारण सभाको प्रतिवेदन यस कम्पनीको वेभसाइट www.ntc.net.np मा पनि हेर्न सकिनेछ । कुनै कारणवस प्रतिवेदन प्राप्त गर्न नसक्नुभएका शेयरधनी महानुभावहरूले यस कम्पनीको केन्द्रीय कार्यालय, भद्रकालीप्लाजा, काठमाण्डौंबाट शेयरधनी प्रमाणपत्र प्रस्तुत गरी लिन सक्नु हुनेछ ।

५. बुंदा नं. १ मा उल्लेख गरे बमोजिम दर्ता किताबमा कायम शेयरधनीहरू मात्र सो सभाबाट पारित लाभांश रकमको हकदार हुनेछन् ।

६. नाबालक वा विक्षीप्त शेयरधनीहरूको तर्फबाट कम्पनीको शेयरधनीहरुको लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिलाई मात्र संरक्षकको रुपमा मान्यता दिइनेछ ।

७. विविध शीर्षक अन्तर्गत प्रश्न गर्न चाहने शेयरधनीले आफूले प्रश्न गर्न चाहेको विषयबारे साधारण सभा हुनु भन्दा ७ दिन अगावै कम्पनीको केन्द्रीय कार्यालय, कम्पनी रजिष्ट्रार कार्यालय, भद्रकालीप्लाजा काठमाण्डौंमा लिखित जानकारी दिनु पर्नेछ । त्यसरी जानकारी नदिएको विषय उपर प्रश्न गर्न सकिने छैन ।

८. शेयरधनी महानुभावहरूले व्यक्त गर्नु भएको मन्तव्य वा प्रश्नहरूका सम्बन्धमा सञ्चालक समितिको तर्फबाट सामुहिक रुपले जवाफ दिइनेछ ।

९. सुरक्षाको दृष्टिकोणले शेयरधनी महानुभावहरू साधारण सभास्थलमा आउँदा झोला,पोका जस्ता वस्तुहरू नलिई आउनु हुन अनुरोध गरिन्छ । सुरक्षाकर्मीले आवश्यक देखेमा सुरक्षा जाँच गर्न सक्ने हुँदा सो कार्यमा सहयोग गरिदिनु हुन अनुरोध छ ।

कम्पनी सचिव